पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश

## सुचना प्रकाशन गर्ने प्रयोजनार्थ शिलबन्दी आर्थिक प्रस्ताव फाराम

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
पुनर्वास नगरपालिका
पुनर्वास, कंचनपुर।

तहाँ कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्र लगायतका शर्तहरूको अधिनमा रही पत्रपत्रिकाहरूमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेको छु।

| क्र.स. | राष्ट्रिय दैनिक पत्रिका (क श्रेणी) | दर रेट (प्रति सी.सी.) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १. | | | |

नोट :

१) उल्लेखित दररेट सम्झौता भएपश्चात् २०८४ असार मसान्तसम्मको लागि लागू हुनेछ।

२) उल्लिखित दररेटमा नियमानुसार कर, मूल्य अभिवृद्धि, बिज्ञापन बोर्ड (३%)कर लाग्नेछ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

फर्मको छाप :

मिति :

मोबाइल नम्बर :

CamScanner

## सिलबन्दी प्रस्तावका शर्तहरू

### (क) प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशन

१) आर्थिक प्रस्ताव फाराम दस्तुरवापत रु. १,०००/- राष्ट्रिय बाणिज्य बैंक, पुनर्वास शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ४२१०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कार्यालयको राजस्व शाखामा रकम दाखिला गरेको नगदी रसिद प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

२) प्रस्तावदाताले यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, पुनर्वास शाखामा रहेको धरौटी खाता नं. ४२१०१००३०३००००२ मा रु. १५,०००/- (पन्ध्र हजार मात्र) नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा सम्बन्धित प्रस्तावदाताको नाम स्पष्ट उल्लेख गरी, प्रस्ताव खोल्ने मितिदेखि कम्तीमा ७५ (पचहत्तर) दिनको म्याद भएको दस्तुरपत्र जमानत (Bid Bond) पेश गर्नुपर्नेछ ।

३) प्रस्ताव फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा भरी प्रत्येक पानामा दस्तखत तथा फर्म/संस्थाको छाप लगाई मिति २०८३/०६/०२ गते दिउँसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । सोही दिनको दिउँसो २:०० बजेपछि प्रस्तावदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाता/प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन। सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनमा सम्पन्न गरिनेछ ।

४) एक फर्म/संस्थाको नाममा खरिद गरिएको फाराम अर्को फर्म/संस्थाको नामबाट पेश गर्न पाइने छैन । प्राप्त प्रस्तावहरू अन्तिम म्याद समाप्त भएको म्याद नाघी प्राप्त भएका, रीत नपुगेका, शर्तसहित पेश भएका वा आवश्यक कागजात संलग्न नभएका प्रस्तावहरू स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । प्रस्ताव स्वीकृत, अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

५) प्रस्तावको बाहिरी खाममा "पुनर्वास नगरपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ सिलबन्दी आर्थिक प्रस्ताव" उल्लेख गरी श्री प्रमुख प्रशासकीय अधिकृत, पुनर्वास नगरपालिका, पुनर्वास, कंचनपुरलाई सम्बोधन गरेको हुनुपर्नेछ।

६) प्रस्तावित दररेट अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) प्रस्तावसँग पेश गरिएका सम्पूर्ण कागजातमा प्रस्तावदाताको दस्तखत तथा फर्म/कम्पनीको छाप भएको हुनुपर्नेछ।

### (ख) कार्य सम्पादन सम्बन्धी शर्तहरू

१) कार्यालयको लिखित आदेश बमोजिम तोकिएको मिति, समय, आकार र पृष्ठमा मात्र सूचना प्रकाशन गर्नुपर्नेछ । आदेशविपरीत प्रकाशित सामग्रीको भुक्तानी गरिने छैन ।

२) सामान्यतया सूचना प्रकाशन गर्नुपर्ने मितिभन्दा कम्तीमा १ दिन अगावै सूचना तथा लिखित आदेश उपलब्ध गराइनेछ । आकस्मिक सूचना प्रकाशन गर्नुपर्ने अवस्थामा आपसी समन्वयमा तत्काल प्रकाशनको व्यवस्था गर्नुपर्नेछ ।

CamScanner

३) स्वीकृत प्रस्तावदाताले कार्यालयबाट उपलब्ध गराइएको सूचना/सामग्री संकलन गरी समयमै प्रकाशन गर्नुपर्नेछ।

४) कार्य सम्पन्न भएपछि प्रकाशित सूचनाको प्रमाण/प्रकाशित प्रति कार्यालयमा पेश गर्नुपर्नेछ।

५) सेवा सन्तोषजनक नभएमा कार्यालयले १५ दिनको लिखित सूचना दिई सम्झौता अन्त्य गर्न सक्नेछ।

६) सूचना प्रकाशन हुने राष्ट्रियस्तरको पत्रपत्रिकाको E-Paper समेत हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

**(ग) प्रस्तावसँग पेश गर्नुपर्ने कागजातहरू**

प्रस्तावदाताले देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछः

१) सम्बन्धित राष्ट्रियस्तरको "क" वर्गको पत्रपत्रिकाको आधिकारिक विज्ञापन एजेन्सीको रूपमा कार्य गर्न प्राप्त वैध तथा नवीकरण भएको प्रमाणपत्र।

२) अध्यावधिक व्यवसाय दर्ता/इजाजतपत्र।

३) अध्यावधिक फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्र।

४) VAT/PAN दर्ता प्रमाणपत्र।

५) आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र।

६) विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र।

७) प्रस्तावदाताको निवेदन।

**(घ) मूल्याङ्कनसम्बन्धी व्यवस्था**

१) तोकिएका सम्पूर्ण कागजात तथा शर्तहरू पूरा गरेका प्रस्तावदातामध्ये न्यूनतम प्रभावकारी दर प्रस्ताव गर्ने प्रस्तावदातालाई छनोट गरिनेछ।

३) समान छुट प्रस्ताव गर्ने प्रस्तावदाताको हकमा कार्यालयले आवश्यक आधार निर्धारण गरी प्रचलित कानूनबमोजिम प्रस्ताव छनोट गर्न सक्नेछ।

**(ङ) भुक्तानीसम्बन्धी व्यवस्था**

१) कार्य सम्पन्न गरी पेश भएको बिल/बीजक तथा आवश्यक प्रमाणका आधारमा भुक्तानी EFT System मार्फत गरिनेछ। पेश्की वा आंशिक भुक्तानी उपलब्ध गराइने छैन।

२) प्रस्ताव फाराममा कबोल गरिएको दररेट सम्झौता भएको मितिदेखि २०८४ साल असार मसान्तसम्म कायम रहनेछ।

३) प्रचलित कानूनबमोजिम लाग्ने कर तथा अन्य कट्टीहरू कट्टा गरी भुक्तानी गरिनेछ।

CamScanner

नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**(च) विविध**

१) प्रचलित कानूनबमोजिम बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर तथा अन्य दायित्व प्रस्तावदाताले स्वयं व्यहोर्नुपर्नेछ ।

२) प्रस्तावसम्बन्धी अन्य विषयहरू सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानूनबमोजिम हुनेछ ।

३) प्रस्ताव स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

४) यस प्रस्तावमा उल्लेख नभएका विषयमा प्रचलित कानून तथा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

CamScanner